22130144

International Baccalaureate®
Baccalauréat International
Bachillerato Internacional

**NEPALI A: LITERATURE – STANDARD LEVEL – PAPER 2**
**NÉPALAIS A : LITTÉRATURE – NIVEAU MOYEN – ÉPREUVE 2**
**NEPALÉS A: LITERATURA – NIVEL MEDIO – PRUEBA 2**

Monday 13 May 2013 (morning)
Lundi 13 mai 2013 (matin)
Lunes 13 de mayo de 2013 (mañana)

1 hour 30 minutes / 1 heure 30 minutes / 1 hora 30 minutos

---

INSTRUCTIONS TO CANDIDATES

- Do not open this examination paper until instructed to do so.
- Answer one essay question only. You must base your answer on at least two of the Part 3 works you have studied and compare and contrast these works in response to the question. Answers which are not based on a discussion of at least two Part 3 works will not score high marks.
- You are not permitted to bring copies of the works you have studied into the examination room.
- The maximum mark for this examination paper is *[25 marks]*.

INSTRUCTIONS DESTINÉES AUX CANDIDATS

- N’ouvrez pas cette épreuve avant d’y être autorisé(e).
- Traitez un seul sujet de composition. En basant votre réponse sur au moins deux des œuvres de la troisième partie que vous avez étudiées, vous devez comparer et opposer ces œuvres dans le cadre du sujet. Les réponses qui ne sont pas basées sur au moins deux des œuvres de la troisième partie n’obtiendront pas une note élevée.
- Vous n’êtes pas autorisé(e) à apporter des exemplaires des œuvres que vous avez étudiées dans la salle d’examen.
- Le nombre maximum de points pour cette épreuve d’examen est *[25 points]*.

INSTRUCCIONES PARA LOS ALUMNOS

- No abra esta prueba hasta que se lo autoricen.
- Conteste una sola pregunta de redacción. Base su respuesta en al menos dos de las obras estudiadas de la Parte 3, comparándolas y contrastándolas en relación con la pregunta. Las respuestas que no se basen en al menos dos obras de la Parte 3 no recibirán una puntuación alta.
- No está permitido traer copias de las obras estudiadas a la sala de examen.
- La puntuación máxima para esta prueba de examen es *[25 puntos]*.


© International Baccalaureate Organization 2013

*कुनै **एक** प्रश्नको निबन्धात्मक उत्तर लेख्नुहोस् । त्यस्तो उत्तर तपाईंले अध्ययन गरेका भाग तीनका **कम्तीमा दुईवटा** कृतिहरूमा आधारित हुनुपर्दछ साथै उत्तरमा ती कृतिहरूका **समानता** र **असमानता** देखाउनुपर्दछ । भाग तीनका कम्तीमा दुईवटा कृतिहरूमा आधारित **नभएका** उत्तरले उच्च अङ्क प्राप्त गर्ने **छैन** ।*

## कथा

**1.** तपाईंले पढेका कथाले समाजमा नारीको स्थानलाई कसरी चित्रण गरेका छन् ? उक्त चित्रणले पाठकका मनमा पार्ने प्रभावलाई तपाईंले पढेका कम्तीमा दुईवटा कथाकारका कथाका आधारमा छलफल गर्नुहोस् ।

**2.** समाजमा गरिबीको असर देखाउन कथाकारले कस्ता खालका दृश्यको सिर्जना गरेका छन् ? आफूले पढेका कम्तीमा दुईवटा कथाकारका कथाका आधारमा चर्चा गर्नुहोस् ।

**3.** तपाईंले पढेका कथाहरूमा डर उत्पन्न गराउने वातावरणको चित्रणले तपाईंका मनमा केकस्ता असर पारेका छन् ? पढेका कम्तीमा दुईवटा कथाकारका कथाका सन्दर्भ लिई आफ्ना धारणा व्यक्त गर्नुहोस् ।

## उपन्यास

**4.** उपन्यासकार नै पात्रका रूपमा प्रस्तुत भएर आउँदा उपन्यासको कथावस्तुमा कस्तो असर पर्छ ? तपाईंले पढेका कम्तीमा दुईवटा उपन्यासकारका उपन्यासका आधारमा आफ्ना धारणा व्यक्त गर्नुहोस् ।

**5.** "अपवित्र प्रेमभन्दा पवित्र प्रेम गर्नेको जीवन उज्यालो हुन्छ" भन्ने भनाइलाई उपन्यासकारले पुष्टि गर्नका निम्ति कस्ता खालका पात्रको चित्रण गरेका छन् ? तपाईंले पढेका कम्तीमा दुईवटा उपन्यासकारका उपन्यासका आधारमा चर्चा गर्नुहोस् ।

**6.** उपन्यासमा विश्रृङ्खल तरिकाले प्रस्तुत गरिएका घटनाक्रमले जीवनको यथार्थलाई कसरी प्रस्तुत गरेको हुन्छ ? तपाईंले पढेका कम्तीमा दुईवटा उपन्यासकारका उपन्यासका आधारमा व्याख्या गर्नुहोस् ।

## नाटक

7. नाटककारले विषयवस्तुअनुसार दृश्यको संयोजन गरेर त्यस्ता नाटकका माध्यमबाट दर्शकलाई के-कस्ता प्रभाव छाडेका हुन्छन् ? तपाईंले पढेका कम्तीमा दुईवटा नाटककारका नाटकका आधारमा चर्चा गर्नुहोस् ।

8. नारीको दयनीय जीवनलाई देखाई दर्शकलाई गहिरो प्रभाव छाड्न सफल भएका नाटकहरू पनि छन् । तपाईंले पढेका कम्तीमा दुईवटा नाटककारका नाट्यकृतिका आधारमा तिनलाई प्रस्ट्याउनुहोस् ।

9. नाटकमा मनोवादको प्रयोग किन र कसरी गरिएको हुन्छ ? तपाईंले पढेका कम्तीमा दुईवटा नाटककारका नाट्यकृतिका आधारमा आफ्‌ना धारणा व्यक्त गर्नुहोस् ।

## कविता

10. कवितालाई सशक्त तुल्याउन कविले कस्ताकस्ता साहित्यिक विधिको प्रयोग गर्दछन् ? तपाईंले पढेका कम्तीमा दुईवटा कविका कविताकाव्यका आधारमा चर्चा गर्नुहोस् ।

11. कविले जन्म, मृत्यु र पुनर्जन्मलाई विम्बमार्फत कसरी प्रस्तुत गरेका छन् ? तपाईंले पढेका कम्तीमा दुईवटा कविका कविताकाव्यका आधारमा औंल्याउनुहोस् ।

12. कतिपय कविताले व्यङ्ग्यलाई साहित्यिक साधनका रूपमा प्रयोग गरी समाजलाई ठिक बाटोमा हिंड्न प्रेरित गरेका हुन्छन् । तपाईंले पढेका कम्तीमा दुईवटा कविका कविताकाव्यका आधारमा प्रस्ट पार्नुहोस् ।